**कावासोती नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

कावासोती, नवलपरासी(ब.सु.पू.)

# कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विपत व्यवस्थापन समितिको बैठकबाट भएका प्रस्ताव तथा निर्णयहरु विवरण

**मितिः २०७७/१/२**

१. विश्वव्यापी महामारीको रुपमा फेलिएको कोरोना भाइरसको संक्रमण, नियन्त्रण तथा रोकथामको लागि नेपाल सरकार बाट जारी लकडाउनको समयमा कावासोती नगरपालिका क्षेत्र भित्र दैनिक ज्यालामजदुरी गरि जिवन निर्वाह गर्ने व्यक्तीको दैनिकि गुजारालाई सहजिकरण गर्नका लागि नगरपालिका बाट तय गरिएको राहत मापदण्ड अनुसार राहत वितरण गरिएका हाल सम्मका वडाहरुः ४, ५, १०, ११, १२, १३ र १५ अनुगमन गरियो। अनुगमनका क्रममा प्रकृयागत रुपमा वितरण भए नभएको सल्लाह सुझाव प्रदान तथा वडामा अझै पनि विपन्न वर्गहरु जुन व्यक्तीको दैनिकि गुजारामा साच्चिकै समस्या रहेको भए छुटफुट नामावलीहरु नगरपालिकामा वडाको सिफारिस सहित पठाउने जानकारी प्रदान र न.पा. बाट व्यवस्थापन गरिएको क्वारेन्टाइनमा रहेका व्यक्तीहरुको स्वास्थ्य अवस्था, दैनिकि चेकजाँच रिपोर्ट, खानपानको व्यवस्था बारेमा अनुगमन गरियो ।।

२. पहिलो चरणमा राहत वितरण पश्चात छुटफुट भएका नामावलीहरु वडा नं. ३, ४, ५ र ८ बाट प्राप्त भए अनुसार एकद्धार प्रणाली, पारदर्शिता, सुशासन कायम गर्ने एवम नामावलीहरु नदोहोरियोस भनेर सम्बन्धित वडाका वडा अध्यक्ष एवम प्रतिनिधिलाई बोलाई पुन नामावलीको बारेमा छलफल तथा संशोधन गरियो।